**बैठक संख्या : ४**

आजमिति २०७९ साल जेष्ठ ३० गते सोमबारका दिन बराहक्षेत्र नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्कीज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभाहलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख - श्री रमेश कार्की | अध्यक्ष |
| २. उप-प्रमुख - श्री नन्दकुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं. १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं. २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं. ३ - श्री राजदिप लामा तामाङ्ग | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं. ४ - श्री आशाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं. ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८ वडा अध्यक्ष, वडा नं. ६ .- श्री उद्धव प्रसाद पोखरेल | सदस्य |
| ९.वडा अध्यक्ष, वडा नं. ७ - श्री कपिल आचार्य | सदस्य |
| १०.वडा अध्यक्ष, वडा नं. ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं. ९ - श्री निरन्जन मण्डल चन्द्रवंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं. १०- श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं. ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४.कार्यापालिका सदस्य - श्री मालती विश्वकर्मा | सदस्य |
| १५.कार्यापालिका सदस्य - श्री विष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यापालिका सदस्य -श्री दुर्गा राई | सदस्य |
| १७. कार्यापालिका सदस्य -श्री नविना वि.क. | सदस्य |
| १८.कार्यापालिका सदस्य -श्री भगवती कट्वाल खड्का | सदस्य |
| १९.कार्यापालिका सदस्य -श्री पंकजकुमार महतो | सदस्य |
| २०.कार्यापालिका सदस्य -श्री रत्नबहादुर रम्तेल सार्की | सदस्य |
| २१.कार्यापालिका सदस्य -श्री सुस्मा माझी | सदस्य |
| २२.प्रमुख प्रशासकीय अधिकृत- श्री खगेन्द्र गिरी | सदस्य-सचिव |

**आमन्त्रित**

१) प्रशासन शाखा प्रमुख श्री राजकुमार गौतम

२) सूचना प्रविधि अधिकृत श्री पुकार पोखरेल

३) कम्प्युटर अपरेटर श्री दुर्गा बहादुर बस्नेत

**प्रस्तावहरु :**

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा

२) ट्र्याक्टर व्यवस्थापन सम्बन्धमा ।

३) जेसिबी सञ्चालन सम्बन्धमा ।

४) योजनाको प्रगति सम्बन्धमा ।

५) कोशी नदीले धार परिवर्तन गरि कटान गरिरहेको सम्बन्धमा ।

६) ठेक्का रकम फिर्ता गर्ने सम्बन्धमा ।

७) अभिमुखिकरण कार्यक्रम सम्बन्धमा ।

८) सहयोग सम्बन्धमा ।

**निर्णयहरु :**

१) प्रस्ताव नं १ उपर छलफल हुदाँ मिति २०७९/०२/२७ गते बसेको कार्यपालिकाको बैठकबाट गठित समितिहरुको पुर्णता भएको र सो समितिहरुको बैठक कार्यबिधी अनुसार कार्य प्रारम्भ भएको पाईयो ।

२) प्रस्ताव नं. २ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिका वडा नं ४ मा रहेको ट्र्याक्टरलाई वडा नं ४ र ५ को फोहोर संकलन गर्न पठाउने र वडा नं ५ को ट्र्याक्टरलाई वडा नं १, वडा नं २ र वडा नं ३ मा फोहोर संकलनका लागि परिचालन गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिकामा रहेको जसिबीलाई बर्षादका कारण पानी निकासका लागि नालाहरु सफा गर्न १ देखि ११ वडा सम्म आलोपालो मिलाई १ पटक १ वडामा ५ घण्टाका दरले संचालन गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ उपर छलफल हुदाँ आ.व. २०७८/०७९ मा सम्पन्न गर्ने गरी सम्झौता भएका तथा सम्पन्न हुन बाँकी योजनाहरुको बिबरण आगामी बैठकमा उपलब्ध गराउन र सम्झौता अनुसार कार्य सम्पन्न गराउन सम्बन्धित उपभोक्ता समिति र ठेकेदारहरुलाई ताकेता गर्न योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिका वडा नं ६ र ९ को कोशी पारी पश्चिमी धार कटान गरी रहेकामा उक्त स्थानको अनुगमन गरी कटान रोकथामका लागी जिल्ला प्रशासन कार्यालय मार्फत प्रदेश सरकार तथा संघिय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं ६ उपर छलफल हुदाँ नगरपालिकाको आन्तरिक श्रोत परिचालन गर्ने सन्दर्भमा आ.व. २०७८/०७९ को ठेक्का नं BKM/NCB/51/2078/79 सर्दु खोला र ठेक्का नं BKM/NCB/21/2078/79 बाघ खोलाबाट ढुङ्गा, गिट्टी बिक्री गर्न ठेक्का आव्हान गरीएकोमा बाघखोलाको ठेक्का सम्झौता हुन नसकेको, सर्दु खोलाको ठेक्का बन्दोबस्त भई ठेकेदारबाट पहिलो किस्ता मु.अ.कर सहित १ करोड १३ लाख ५८ हजार ७ सय ६० दाखिला भई कार्यादेश दिई कार्य सञ्चालन गर्न लाग्दा जिल्ला बन कार्यालय, सुनसरीबाट अवरोध गरेर उत्खनन गर्न रोक लगाएको कारण ठेकेदारले ढुङ्गा,गिट्टी उठाउन नपाएकोले निजले दाखिला गरेको रकम फिर्ता माग गरी निवेदन समेत दिएको हुँदा उक्त रकम फिर्ता दिने निर्णय गरियो ।

७) प्रस्ताव नं ७ उपर छलफल हुदाँ स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भएका कार्यपालिका सदस्यहरुलाई आफुले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा हालसम्म कुनै अभिमुखिकरण तालिम गराउन नसकेको हुँदा यहि मिति २०७९/०३/०९ गते दुई दिवसिय अभिमुखिकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

८) प्रस्ताव नं ८ उपर छलफल हुदाँ नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति सुनसरीको पत्रबाट माग भई आए अनुसार मिति २०७९/०३/०४ गते रामेछापको मन्थलीमा सञ्चालन हुने खुल्ला डुङ्गा दौड प्रतियोगितामा खेलाडी पठाउन लाग्ने खर्च रु २०,०००।- (वीस हजार) खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।